

## जलस्रोतको धनी देशमामा पानीको सास्ती

✎ पूर्ण ओली


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९१ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



AAMA Dental
We Care For Your Smile

**आमा डेन्टल प्रा.लि.**

आफ्नो स्थापनाको **१०** औं को **वार्षिकोत्सव**

शुभअवसरमा आफ्ना आदरणीय सेवाग्राहीहरुका लागि.....

**विशेष अफर** प्रदान गर्दछौं।

यो अफर जेठ महिना भरि लागु हुनेछ....

१ निःशुल्क ओपीडी सेवा।
२ डेन्टल एक्स-रेमा ५०% छुट।
३ सबै किसिमका दन्त उपचार सेवामा २०% सम्म छुट।

दमक-६, थानारोड (प्रधान कार्यालय) सम्पर्क नम्बर : 023-572643/ 9814912500

दमक-१, रवि स्टेन्ड गेट नजिक (शाखा कार्यालय) सम्पर्क नम्बर : 023-577816



❑ वर्ष-२१ ❑ अंक - १४४ ❑ २०८३ जेठ १६ गते शनिबार ❑ Saturday, 30 May 2026 ❑ मूल्य ७ /-


## संघीय सरकारको बजेट सार्वजनिक

# २१ खर्ब बढीको रकम विनियोजन

**दमक/**सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २३ अर्ब रूपैयाँको बजेट प्रस्तुत गरेको छ । संघीय संसद्अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा शुक्रबार आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उक्त आकारको बजेट प्रस्तुत गरेका हुन् । बजेटमा चालुतर्फ १२ खर्ब ७० अर्ब रूपैयाँ विनियोजन प्रस्ताव गरिएको छ, जुन कूल बजेटको ६९.८ प्रतिशत हो ।

त्यसैगरी, पूँजीगततर्फ ४ खर्ब ३१ अर्ब रूपैयाँ अर्थात् २०.३ प्रतिशत बजेट विनियोजन प्रस्ताव गरिएको छ ।

वित्तीय व्यवस्थापनतर्फ ४ खर्ब २२ अर्ब रूपैयाँको अनुमान पेस गरिएको अर्थमन्त्री वाग्लेले बताए ।

सरकारले राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड, वैदेशिक अनुदानबाट ६१ अर्ब ६४ करोड, वैदेशिक ऋणबाट २ खर्ब ४७ अर्ब २८ करोड र आन्तरिक ऋणबाट ४ खर्ब १० अर्ब उठाउने लक्ष्य लिएको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसदको संयुक्त बैठकमा मन्त्रालयगत बजेट सीमा सार्वजनिक गरेका छन्। सरकारले सबैभन्दा बढी बजेट पूर्वाधार विकास मन्त्रालयलाई ३ खर्ब २ अर्ब ८३ करोड ५२ लाख रूपैयाँ विनियोजन गरेको छ भने दोस्रो ठूलो बजेट शिक्षा तथा खेलकुद मन्त्रालयलाई २ खर्ब १८ अर्ब ३० करोड ५० लाख रूपैयाँ छुट्याइएको छ। त्यसैगरी महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालयलाई १ खर्ब २२ अर्ब ६१ करोड ४३ लाख, गृह मन्त्रालयलाई १ खर्ब ८ अर्ब ३२ करोड ९३ लाख, स्वास्थ्य मन्त्रालयलाई ९६ अर्ब ४३ करोड ६३ लाख र अर्थ मन्त्रालयलाई ८४ अर्ब ७३ करोड ५८ लाख रूपैयाँ बाँकी 8 पेजमा ▸▸



### बजेटका आकर्षण

- नेपालको पहिलो अर्थमन्त्री सुवर्णलाई सम्झिएर अर्थमन्त्री डा. स्वर्णीम वाग्लेद्वारा बजेट प्रस्तुत
- जेन-जी विद्रोहको जगमा बनेको बालेन सरकारको पहिलो बजेट सार्वजनिक बजेटमा सुशासन र शासकीय सुधारलाई प्राथमिकता ।
- सार्वजनिक संस्थानको निजी र सार्वजनिक सहभागितासहित संरचनागत सुधार गर्ने बजेटमा 'टेक हब' बनाउने ।
- विदेशमा लगानी गर्न बाटो खोल्ने र आयकरको सीमा बढाउने घोषणा ।
- सरकारले राष्ट्रिय आवास कम्पनी लिमिटेड अन्तर्गत आवासीय परियोजना पहिलो चरणमा झापा मेचीनगर नगरपालिकामा १ सय वटा भवन निर्माण गरी सर्वसाधारणलाई वितरण गर्ने बताएका हुन् ।
- सिद्धार्थ राजमार्गलाई द्रुतमार्ग बनाइने, अन्तर्राष्ट्रियस्तरमा रूपान्तरण गरिने
- विद्युतीय सवारी साधनमा मूल्यका आधारमा भन्सार महसुल लाग्ने
- सरकारले संगीत, कला र साहित्यको अध्ययन र पठनपाठनलाई देशभर प्रवर्धन गर्ने
- आदिवासी संस्कृति संगीत (

बाँकी 8 पेजमा ▸▸

## एक तिहाई बजेट खर्च हुन बाँकी

**दमक/** चालु आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन अवधि अब ४५ दिन मात्र बाँकी छ । तर अझै बजेट खर्च हुन भने एक तिहाई भन्दा बढी बाँकी छ ।

कुल १९ खर्ब ६४ अर्ब रूपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेको सरकारले १५ जेठ (बिहीबार)सम्म लक्ष्यको ६३.७६ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार बिहीबारसम्म कुल बजेट खर्च १२ खर्ब ५२ अर्ब २६ करोड रूपैयाँ बराबर भएको छ । जुन लक्ष्यको ६३.७६ प्रतिशत हो । यस अवधिमा चालु खर्च लक्ष्यको ७२.८५ प्रतिशत बराबर भएको छ । जुन ८ खर्ब ६० अर्ब ३१ करोड बराबर भएको छ । चालु खर्चको लक्ष्य ११ खर्ब ८० अर्ब ९८ करोडको हो । पूँजीगत खर्च लक्ष्यको ३०.१८ प्रतिशत मात्र भएको छ । पूँजीगत खर्च कुल ४ खर्ब ७ अर्ब रूपैयाँको लक्ष्य रहेकोमा खर्च भने १ खर्ब २३ अर्ब रूपैयाँ बराबर मात्र भएको छ । बाँकी 8 पेजमा ▸▸

## झापा र सुनसरीमा लागूऔषधसहित १५ जना पक्राउ

**दमक/**झापा र सुनसरी जिल्लाका विभिन्न स्थानबाट प्रहरीले लागूऔषधसहित १५ जनालाई पक्राउ गरेको छ । झापाको गौरीगञ्ज क्षेत्रमा भारतकी रूकमणी देवी र उनकी छोरीलाई करिब २० ग्रामभन्दा बढी ब्राउन सुगरसहित पक्राउ गरिएको छ। मेचीनगरमा २ ग्रामभन्दा बढी ब्राउन सुगरसहित दुखु मियाँ पक्राउ परेका छन् भने अन्य स्थानबाट थप व्यक्तिहरु पनि लागूऔषधसहित नियन्त्रणमा लिइएका छन्।

त्यस्तै सुनसरीका बराहक्षेत्र, इटहरी र आसपासका क्षेत्रमा ब्राउन सुगर, गाँजा तथा प्रतिबन्धित औषधिसहित १३ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेकामध्ये ट्रामाडोल, स्पास्मो र एन्टिकोफ जस्ता औषधिसमेत बरामद भएको छ। सबै पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरीले जनाएको छ।

## रास्वपा झापा सभापति बन्नेको लर्को

दमक । सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी झापाको पहिलो जिल्ला अधिवेशन यही जेठ २३ गते हुने भएको छ । बिर्तामोडमा हुन लागेको अधिवेशनको चहलपहल शुरू भएको छ । अधिवेशनमा जिल्ला सभापतिका लागि पाँच जना आकांक्षी देखिएका छन् । विरोध सुवेदी, ओम भण्डारी, लक्ष्मण बस्नेत, अर्जुन मैनाली र गोपाल कटुवाल जिल्ला सभापतिको आकांक्षी रहेको बुझिएको छ ।

## राष्ट्रपति पौडेलको गणतन्त्र समारोहमा पहिलो सम्बोधन



**दमक/** राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्रले सम्पूर्ण राजनीतिक अधिकारको ग्यारेन्टी दिएको बताएका छन् । शुक्रबार काठमाडौंको टुँडिखेलमा आयोजित गणतन्त्र दिवस समारोहलाई सम्बोधन गर्दै उनले लोकतान्त्रिक गणतन्त्र संसारकै एक उत्कृष्ट राजनीतिक व्यवस्था भएको उल्लेख गरे। प्रधानमन्त्री वालेन्द्र शाहले सम्बोधन गर्न आग्रह गरेपछि पहिलोपटक गणतन्त्र दिवसमा सम्बोधन गरेका उनले जनता आफैंले बनाएको संविधानमार्फत देशलाई संघीयता, समावेशिता, सामाजिक न्याय र लोकतन्त्रमा आधारित समाजवादका मान्यताले सिंचित बनाएर थप व्यवस्थित पारेको धारणा राखे।

गणतन्त्रले नै सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याएको समेत राष्ट्रपति पौडेलको भनाइ छ। 'हाम्रो संविधानले नागरिक सर्वोच्चतालाई महान अभ्यासका रूपमा अंगीकार गरेको छ,' उनले भने, 'यही अभ्यासले सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याएको छ। प्रदेश र स्थानीय तहले त्यसबमोजिम जिम्मेवारी निर्वाह गरिरहेका छन्। जनताको घर-आँगनबाटै सार्वभौम सत्ताको अभ्यास भइरहेको छ।'

'गणतन्त्रले हामीलाई सम्पूर्ण राजनीतिक अधिकारको ग्यारेन्टी दिएको छ। यसले देशवासीलाई जोडेको छ र एक साझा बाँकी 8 पेजमा ▸▸

## नेपालको इतिहास बदल्ने सात ऐतिहासिक बजेट

**दमक/** नेपालको बजेट इतिहासमा केही बजेटहरूले मात्र दीर्घकालीन प्रभाव छोड्न सफल भएका छन्। अहिलेका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पनि बारम्बार स्मरण गर्ने २००८ सालको बजेट नेपालकै पहिलो बजेट थियो, जसलाई तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरले सार्वजनिक गरेका थिए।

राणा शासनपछि प्रजातान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेको नेपालमा जनताले पहिलोपटक राज्यको आम्दानी र खर्चबारे जानकारी पाउने अधिकार यही बजेटबाट प्राप्त गरेका थिए।

२०१६/१७ को बजेटले जननिर्वाचित सरकारमार्फत आयकर, व्यापार कर तथा मालपोत करको सुरुवात गर्दै आधुनिक कर प्रणालीको आधार निर्माण गऱ्यो। २०४१/४२ मा डा. प्रकाशचन्द्र लोहनी ले ल्याएको उदार वित्तीय नीतिले निजी बैंक तथा वित्तीय संस्थाको ढोका खोल्यो।

२०४८/४९ बाँकी 8 पेजमा ▸▸

## भूमिहीन र सुकुमबासी व्यवस्थापनमा सीडीओलाई पूर्ण अधिकार

**दमक/** नेपाल सरकारले भूमिहीन दलित, सुकुमबासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि नयाँ कानुनी व्यवस्था लागू गर्दै जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई पूर्ण अधिकार दिएको छ। 'भूमि सम्बन्धी (एक्काइसौँ संशोधन) नियम, २०८३' अनुसार अब जिल्ला भूमि समस्या समाधान समितिको नेतृत्व सीडीओले गर्नेछन्। समितिमा स्थानीय तहका प्रतिनिधि, मालपोत, नापी, वन तथा प्रशासनका अधिकारी सदस्य रहने व्यवस्था गरिएको छ भने नापी कार्यालय प्रमुख सदस्य-सचिव रहनेछन् ।

नयाँ व्यवस्थाअनुसार भूमिहीन तथा सुकुमबासीको बाँकी 8 पेजमा ▸▸

## आयोगको प्रतिवेदन कार्यान्वयन गर्न माग

**दमक/** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले राष्ट्रिय मानवअधिकार आयोगले हालै सार्वजनिक गरेको प्रतिवेदन तत्काल कार्यान्वयनमा लैजान सरकारसँग माग गरेका छन्।

पार्टी स्थापनाको ३६ वर्ष प्रवेश गरेको अवसरमा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्। अध्यक्ष लिङ्देनले मानवअधिकार आयोगले दोषी करार गरेकाहरूले तत्काल सफाइका लागि प्रक्रिया अघि बढाउनुपर्नेमा पनि जोड दिए।

'मानवअधिकार आयोगको प्रारम्भिक प्रतिवेदन सार्वजनिक भएको छ। यो अत्यन्तै महत्त्वको छ। यसले धेरै कुराहरूको उजागर गरेको छ। र यसलाई कार्यान्वयन बाँकी 8 पेजमा ▸▸

## अतिक्रमणको चपेटामा जुटमिलको जग्गा

**बिराटनगर/** नेपालकै जेठो उद्योग मोरङ् जुटमिलको जग्गा अतिक्रमणको चपेटामा परेको छ । मिलको स्वामित्वमा रहेको ६९ बिघा १० कट्ठा जग्गामा अहिले अतिक्रमणको चपेटामा परेको हो । कतिपय पुराना क्वार्टरमा पूर्वकर्मचारी र तिनका परिवार बसोबास गर्दै आएका छन् भने कतिपय ठाउँमा नयाँ मानिस घुसपैठ गरी दशकौँदेखि बस्दै आएका छन् । विगतमा मजदुरलाई क्वार्टरमा राखेर उद्योग सञ्चालन गरिएको थियो । उद्योग बन्द भएपछि पनि उनीहरु त्यहीँ बसिरहेका छन् । कतिपयले आफू बस्दै आएको क्वार्टर अरूलाई नै बिक्री गरेर हिँडेका छन् । मिलका पूर्व प्रशासक तारानाथ तिम्सिनाका अनुसार अहिले त्यस्ता परिवारसँग झन्डै एक हजार दुई सय हाराहारी छन् ।

विसं १९९३ असार ३० गते तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरको पालामा राधाकृष्ण चमरिया र रामलाल गोल्छाको सक्रियतामा यो मिल स्थापना भएको थियो । नेपालको प्रजातान्त्रिक आन्दोलनको बिउ रोप्ने विसं २००३ सालको मजदुर आन्दोलनको केन्द्र पनि यही जुटमिल नै थियो । सात हजारसम्मलाई रोजगारी दिएर दैनिक ४० टनसम्म जुट उत्पादन बाँकी 8 पेजमा ▸▸

## केन्द्रमा कडा, प्रदेशमा मौन

**दमक/**संघीय संसद्मा प्रधानमन्त्रीको जवाफदेहिता र प्रतिनिधिसभाको गरिमालाई लिएर राजनीति तातेको छ। प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले सांसदहरूको प्रश्नको उत्तर दिन नआएको भन्दै एमालेसहितका विपक्षी दलहरूले लगातार संसद् अवरुद्ध गर्दै आएका छन्।

संसद्प्रति कार्यकारी प्रमुख उत्तरदायी हुनुपर्ने उनीहरूको अडान छ। तर, यही प्रश्न जब प्रदेश तहमा पुग्छ, त्यही दलहरूको व्यवहार भने ठीक उल्टो देखिन्छ। कोशी प्रदेशसभा यसको ज्वलन्त उदाहरण बनेको छ। एमाले र कांग्रेस सत्तामा रहेको प्रदेशमा प्रश्नोत्तर कार्यक्रम लगभग निष्क्रिय छ। प्रदेशसभा नियमावलीले नियमित बाँकी 8 पेजमा ▸▸

## मौरीपालक कृषकलाई थप तालिम

*__अर्जुनधारा/__ झापाको अर्जुनधारा नगरपालिका-९ र ११ मा रहेको नमूना सामुदायिक वन उपभोक्ता समूहले मौरीपालन कार्यक्रम विस्तार गरेको छ। चालु आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत गत चैतदेखि सुरू गरिएको यस कार्यक्रमको उद्देश्य उपभोक्ताहरूको आयमूलक गतिविधि बढाउँदै आम्दानी वृद्धि गर्नु रहेको छ ।*

*पहिलो चरणमा अर्जुनधारा नगर मानव हात्ती द्वन्द्व न्यूनीकरण उपभोक्ता समिति, सुखानी शहीद स्मृति प्रतिष्ठान नेपाल र उपभोक्ताको संयुक्त साझेदारीमा करिब ३ लाख रूपैयाँ लागतमा २५ जना कृषकलाई मेलिफेरा प्रजातिको मौरीसहित घार वितरण गरिएको थियो। दोस्रो चरणमा भने ६ लाख ३४ हजार ९ सय रूपैयाँ लागतमा थप कार्यक्रम विस्तार गर्ने तयारी गरिएको छ, जसमा अर्जुनधारा नगरपालिकाको ५० प्रतिशत, सुखानी शहीद स्मृति प्रतिष्ठानको २० प्रतिशत,*



*समूहको १५ प्रतिशत र उपभोक्ताको १५ प्रतिशत योगदान रहनेछ । यस चरणमा थप ३० जना कृषकलाई तालिमसहित सेरेना प्रजातिको मौरी र घार वितरण गरिने समूहले जनाएको छ। नगरपालिकाको "नयाँ मौरी पकेट* बाँकी 8 पेजमा ▸▸


**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने ३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने। ५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने। १५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरू**

☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## सहकारी क्षेत्र सम्हालिन जरुरी

सहकारी क्षेत्र अहिले धेरैको चासो र प्रत्यक्ष सरोकार जोडिएको विषय पनि हो । हजारौंको आर्थिक समृद्धीमा प्रत्यक्ष योगदान पुऱ्याएको यस क्षेत्रमा मौलाएका विकृतिहरूका कारण सहकारी क्षेत्रप्रतिको दृष्टिकोण नै सशंकित हुन पुगेको छ । सरकारले पनि यस क्षेत्रलाई व्यवस्थित बनाउने, विगतमा सहकारीबाट ठगिन पुगेकाहरूलाई रकम फिर्ता गर्ने जस्ता विषय अहिले सरकारको प्राथमिकतामा रहेको देखिएको छ ।

यहि क्रममा सहकारी क्षेत्रको समस्याबारे अध्ययन गरेको समितिको प्रतिवेदनले पनि यस क्षेत्रका धेरै विषयहरूलाई उधिनेर सार्वजनिक गरेको छ । सहकारीमा भएको बेथिति जाँचबुझ गर्न गठित आयोगले कमजोर नियमन र राजनीतिक हस्तक्षेप सहकारी क्षेत्रको समस्याका रूपमा पहिचान गरेको छ । यसले आगामी दिनमा यस क्षेत्रलाई व्यवस्थित र पारदर्शी बनाउने उपाय अवलम्बनका लागि मार्गप्रशस्त पनि गरेको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आयोगको प्रतिवेदनमा सहकारी क्षेत्रमा देखिएको संकटको मुख्य कारण कमजोर नियमन, राजनीतिक हस्तक्षेप र अपारदर्शी सञ्चालन रहेको निष्कर्ष निकालेको छ । यसको अर्थ सहकारी क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन जरुरी देखिएको छ । राजनीतिक दलहरूलाई आफ्ना नेता कार्यकर्ता व्यवस्थापन गर्ने, यसैका माध्यमबाट अनाधिकृत फाईदा लिने प्रवृतिलाई निरूत्साहित गर्न जरुरी भई सकेको छ । हरेक क्षेत्रलाई राजनीतिमा गिजोल्नुको परिणाम सहकारी क्षेत्रले पनि देखाएको छ ।

प्रतिवेदनमा सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार, सेवा केन्द्र तथा शाखा विस्तार गर्दा पर्याप्त अध्ययन र मापदण्डबिना स्वीकृति दिइएको उल्लेख छ । केही सञ्चालकहरुले सहकारीको मूल उद्देश्यभन्दा विचलित हुँदै बचतकर्ताको रकम हिनामिना, दुरूपयोग तथा अपारदर्शी कारोबार गरेको प्रतिवेदनको निष्कर्ष छ । यसरी हेर्दा वर्षौ देखिका समस्या, उपेक्षा, नियमन अभाव जस्ता कुराको परिणती सहकारी क्षेत्रले भोग्न पुग्यो । यति थाह पाई सके पछि पनि सहकारी क्षेत्रलाई व्यवस्थित र पारदर्शी नबनाउने हो भने थप क्षति बढ्ने निश्चित छ । त्यसैले नेपाली अर्थतन्त्रको एउटा प्रमुख खम्बाको रूपमा रहेको सहकारी क्षेत्रलाई बदनामी मुक्त बनाउनु पहिलो दायित्व त सहकारी क्षेत्रकै अगुवाहरूको हो, सहकारी क्षेत्रकै हो ।

सहकारी क्षेत्रलाई प्रभावकारी, उद्देश्यपूर्ण र आर्थिक समृद्धिको प्रमुख आधार बनाउन यसको नियमन, पारदर्शिता तथा चुस्त व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक छ । पछिल्लो समय केही सहकारी संस्थामा देखिएका अनियमितता, कमजोर व्यवस्थापन र बचतकर्ताको रकम दुरूपयोगका घटनाले सहकारीप्रति नागरिकको विश्वास घटाएको छ । त्यसैले सहकारी संस्थालाई कानुनी दायराभित्र राखी नियमित अनुगमन र कडा नियमन गर्नुपर्छ ।

सहकारीको आय-व्यय विवरण पारदर्शी बनाउनुका साथै सदस्यलाई संस्थाको वास्तविक अवस्थाबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनुपर्छ । दक्ष जनशक्ति, आधुनिक प्रविधि र उत्तरदायी नेतृत्वमार्फत सहकारीको व्यवस्थापन चुस्त बनाउन सकिन्छ । साथै, उत्पादन, कृषि, उद्यम र रोजगारसँग जोडिएका कार्यक्रम सञ्चालन गरी सहकारीलाई केवल बचत तथा ऋणको माध्यम नभई आर्थिक विकासको साझेदार बनाइनुपर्छ । यसरी सञ्चालन गरिएमा सहकारी क्षेत्रले मात्र स्थानीय अर्थतन्त्र बलियो बनाउन, गरिबी घटाउन र देशको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

# उपकुलपतिमा ११९ प्रतिष्पर्धी

दमक/ देशका विभिन्न विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित समितिले माग गरेको दरखास्तमा परेका आवेदकमध्येबाट स्वीकृत उम्मेदवारको सूची सार्वजनिक गरिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयमा रहेको समितिले ती विश्वविद्यालयका लागि माग गरिएका उम्मेदवारको कागजपत्र छानबिनपछि स्वीकृत उम्मेदवारको नामावली सार्वजनिक गरेको हो । सबै विश्वविद्यालयका लागि प्राप्त २ सय १८ उम्मेदवारले आवेदन दिएकामा १ सय ९९ जना उम्मेदवार प्रतिस्पर्धाका लागि योग्य भएका हुन् । यी उम्मेदवारले प्रस्तुतीकरण र अन्तर्वार्तामा भाग लिने भएका हुन् ।

विवरण अनुसार त्रिभुवन विश्वविद्यालयको उपकुलपतिका लागि ४३, पूर्वाञ्चल विश्वविद्यालयका लागि ३४, पोखरा विश्वविद्यालयका लागि ३३, लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि १३, कृषि तथा वन विश्वविद्यालयका लागि १३, मध्यपश्चिम विश्वविद्यालयका लागि १७, सुदूरपश्चिम विश्वविद्यालयका लागि १८ र राजर्षि जनक विश्वविद्यालयका लागि २१ जनाको दरखास्त स्वीकृत भएको छ ।

# जलस्रोतको धनी देशमा पानीको सास्ती



✍ पूर्ण ओली

**सरकारले जनताको कल्याणकारी कार्य गर्न नसक्ने, आर्थिक विकास गर्न नसक्ने र युवालाई स्वदेशमै रोजगार बनाउनुभन्दा विदेश पठाउन बढी सुविधा र सहुलियत दिने हो भने नेपाल र नेपालीको विकास कहिले होला?**

कुनै पनि जीवात्मा तथा बोटबिरूवाका लागि पानीको आधारभूत महत्त्व अत्यन्त उच्च हुन्छ भन्ने कुरा हामी प्राणीले अवश्य बुझेका छौं। विश्वका कतिपय देशमा पानीका पर्याप्त स्रोत नहुँदा आकासे पानी जमाएर पिउनदेखि कृषि कार्यसम्म उपयोग गरिएका उदाहरण छन् ।

कतिपय मुलुकले त समुद्रको पानीलाई रिफाइन (प्रशोधन) गरी पिउन योग्य बनाएर प्रयोग गरिरहेका छन्। तर, नेपाल जस्तो पर्याप्त नदीनाला, हिमाल र जलस्रोत भएको देशमा भने हरेक क्षेत्रमा पानीकै अभाव मात्र देखिन्छ। अझै पनि प्रत्येक नेपालीले शुद्ध पिउने पानी पाउन सकेका छैनन् ।

नेपालको राजधानी काठमाडौं उपत्यकामा समेत दशकौंको पर्खाइपछि मेलम्ची आयोजना बनिसक्दा पनि वितरण प्रणाली प्रभावकारी हुन सकेको छैन। जसका कारण अत्यधिक जनता अझै पनि पानी किनेर खान बाध्य छन् ।

महाँकालस्थित खानेपानी कार्यालयमा महसुल बुझाउन जाने ग्राहकहरूको एउटै गुनासो हुन्छ- "पानी आउँदैन, तैपनि पैसा तिरिरहनुपरेको छ ।" समयमा मासिक न्यूनतम शुल्क भुक्तान नगरे लाइन काटिने र पुनः लाइन जोड्न उपभोक्ता समिति र खानेपानी कार्यालयलाई अनावश्यक रूपमा १० हजार रूपैयाँभन्दा बढी बुझाउनुपर्ने बाध्यता छ ।

अर्कातर्फ, जसको घरमा पानी आउँछ, उनीहरूको गुनासो पानी अत्यन्त महँगो भएकोमा छ। मासिक ६(७ सय रूपैयाँ उठ्ने ठाउँमा कहिलेकाहीँ २०-२२ सय रूपैयाँसम्मको बिल आउँछ। यसबारे सोधपुछ गर्दा कर्मचारीहरु "तपाईँको मिटर बिग्रेको होला वा हावाले मिटर घुमायो होला" भन्दै गैरजिम्मेवार जवाफ दिन्छन्।

पिउने पानीको यो सास्ती गाउँघरमा झनै कहालीलाग्दो छ। पहाडतिर अझै पनि घर(घरमा पानी नपुग्दा स्थानीयले घण्टौं टाढाबाट पानी बोकेर ल्याउनुपर्छ।

नजिकै पानीको स्रोत भए पनि त्यसलाई लिफ्टिङ प्रविधिमार्फत माथि ल्याउने आर्थिक र प्राविधिक क्षमता गाउँलेहरूसँग हुँदैन। स्थानीय निकायलाई अत्यधिक बजेट र अधिकार दिइए पनि उनीहरु सिर्फ गाउँ र वडाका ठूला(ठूला भवन बनाउनमै सीमित छन्, किनकि यस्ता निर्माण कार्यबाट राम्रो कमिसन आउँछ। तराईतिर अझै पनि ट्युबवेल (चापाकल) को पानी तानेर पिउनुको विकल्प छैन।

केही नगरहरूमा मात्र रिजर्भ ट्यांकीमार्फत पानी वितरण गरिएको छ। कतिपय नगर तथा गाविसहरूले आफ्नै स्रोतबाट पानी वितरण गरेर जनतालाई केही राहत दिएका त छन्, तर मेलम्चीको पानी काठमाडौं उपत्यकामा सबैतिर वितरण हुन नसक्नु र पानीजस्तो अत्यावश्यक वस्तु महँगो हुनुले हाम्रा सरकारहरु लोककल्याणकारी हुन नसकेको स्पष्ट पार्छ।

जेनजी आन्दोलनपछि जनहितमा कार्य गर्ने भन्दै ठूला-ठूला कुरा त बाहिर आएका छन्, शायद बजेट भाषणबाट यस दिशामा केही उपलब्धि हुन्छ कि भनेर केही दिन कुर्नैपर्ने हुन्छ।

खाद्यान्न, बोटबिरूवा र पशुपन्छी सबैलाई चाहिने मुख्य तत्व पानी नै हो। तर, पहाडदेखि तराईसम्म सिँचाइको चरम अभाव हुँदा हाम्रा किसानहरु वर्षको चार महिना मात्र पर्ने वर्षाको पानीमा निर्भर हुनुपर्छ।

पर्याप्त सिँचाइ नभएकै कारण हाम्रा कतिपय उर्वर जग्गाजमिनहरु बाँझो पल्टिएका छन् भने युवाहरु विदेश पलायन हुन बाध्य छन्। देशमा रोजगारीको प्रमुख माध्यम कृषि, पशुपालन र माछापालन नै हो।

यदि सबैतिर सिँचाइको राम्रो प्रबन्ध हुने हो भने किसानले बाह्रै महिना अन्न तथा तरकारी उत्पादन गर्न सक्ने थिए। त्यसपछि मात्र हाम्रो कृषिप्रधान देश खाद्यान्नमा आत्मनिर्भर हुने थियो र खर्बौंको विदेशी रकम खर्चेर खाद्यान्न आयात गर्नुपर्ने थिएन।

यसले बर्सेनि बढ्दै गएको व्यापार घाटालाई पनि नियन्त्रण गर्ने थियो। सरकारले कृषिमा जोड दिने भने पनि अनुदानको रकम वास्तविक कृषकले भन्दा ठूला व्यापारीहरूले 'सेटिङ' मा प्राप्त गरेर होटल लगायतका अन्य क्षेत्रमा लगानी गरेको कुरा विगतमा टेलिभिजनहरूबाट प्रत्यक्ष हेर्न पाइएकै हो।

यस्तो बेथिति रोकेर किसानको खातामा सिधै अनुदान रकम जम्मा हुने गरी केन्द्र सरकारले स्थानीय निकायमार्फत वास्तविक किसानको लगत संकलन गर्नुपर्छ।

जुन देशमा जुन चीज पर्याप्त छ, त्यसको सही सदुपयोग हुँदो रहेनछ भन्ने कुरा अफ्रिकी मुलुक कङ्गोको अवस्थाबाट देख्न सकिन्छ। सबै किसिमका बहुमूल्य खनिज पदार्थ भएर पनि विदेशीले मात्र त्यसको दोहन गर्दा कङ्गो जस्तो विशाल देश गरिबी र गृहयुद्धमा भासिएको छ।

अर्कातर्फ, मरूभूमिमा रहेको इसरायलले आज आधुनिक प्रविधि र सीपको प्रयोग गरी कृषिमा चमत्कार गर्दै तरकारी र फूलहरु निर्यात गरिरहेको छ। अस्ट्रेलिया जस्तो पानीको अभाव भएको देशले 'रेन वाटर हार्भेस्टिङ' मार्फत ठूला(ठूला रिजर्भायर (जलाशय) बनाएर सबैतिर पानी पुऱ्याएको छ।

यता हामी भने पानीको छेलोखेलो भएको देशमा बस्छौं, तर दक्षिणी छिमेकी देशले नेपालका प्रायः सबै नदीनालामा बाँध बाँधेर पानी लगिसक्यो। हामी भने त्यही पानीको जलाशय बनाएर सिँचाइ र विद्युत् निकाल्न ढिलाइ गरिरहेका छौं।

पञ्चायती व्यवस्थामा बनेका ठूला सिँचाइ आयोजनाबाहेक अहिलेसम्म नयाँ गौरवयोग्य सिँचाइ आयोजनाहरु निर्माण हुन सकेका छैनन्। आशा गरौं, यसपालिको बजेट भाषणबाट केही ठोस उपलब्धि हुनेछ।

हामीले सिर्फ भोटको राजनीति मात्र गऱ्यौं। विदेशीलाई खुसी पार्न ९० प्रतिशत हिन्दु र बौद्ध धर्मावलम्बी भएको देशमा धर्मनिरपेक्षता लादियो। त्यही कारण केही वर्षभित्रै, जहाँ केही हजार मात्र इसाई धर्मावलम्बी थिए, आज गरिब र तल्लो जातिका लाखौं जनतालाई प्रलोभनमा पारेर इसाई बनाउने र सामाजिक सद्भाव भाँड्ने कार्य भइरहेको छ।

अर्कातर्फ, एउटा सानो देशमा ७ वटा प्रदेश बनाएर संघीयता लादियो, जसका कारण सांसद र कर्मचारीको प्रशासनिक खर्चले गर्दा संघीयता 'सेतो हात्ती' सावित भएको छ। यी दुईवटा विषयलाई वर्तमान सरकार (जसमा रास्वपा समेत सहभागी छ) ले सच्याउन सकेन भने देशमा फेरि अर्को विद्रोह वा आन्दोलन अवश्य हुनेछ।

सरकारले जनताको कल्याणकारी कार्य गर्न नसक्ने, आर्थिक विकास गर्न नसक्ने र युवालाई स्वदेशमै रोजगार बनाउनुभन्दा विदेश पठाउन बढी सुविधा र सहुलियत दिने हो भने नेपाल र नेपालीको विकास कहिले होला?

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का रवि लामिछाने र काठमाडौंका मेयर बालेन शाह मिलेर देशलाई सुशासनसहित आधुनिक युगमा प्रवेश गराऊन्, भ्रष्टहरूको दोहोलो काढून् र विकासको गति अगाडि बढाऊन् भन्ने आशा नेपाली जनताले गरेका छन्।

अवसरको यो घडीमा बालेन र नयाँ शक्तिहरूले जनताको यो आशामा तुषारापात हुन नदिई केही गरेर देखाउनेछन् भन्ने अपेक्षा छ।

# बजेट भाषणमा बारम्बार आउने आर्थिक शब्दहरू र तिनको सरल व्याख्या

सरकारले वार्षिक बजेट प्रस्तुत गर्दा धेरै आर्थिक तथा प्रशासनिक शब्दहरूको प्रयोग गर्छ। सामान्य नागरिकलाई ती शब्द बुझ्न सजिलो होस् भन्ने उद्देश्यले यहाँ ५० प्रमुख शब्दहरुको सरल अर्थ समेटिएको छ ।

**◆ बजेट, आम्दानी र खर्चसँग सम्बन्धित शब्दहरु**

१. बजेट
सरकारले आगामी आर्थिक वर्षमा गर्ने आय र व्ययको अनुमानित योजना।

२. राजस्व
कर, सेवा शुल्क तथा अन्य स्रोतबाट राज्यले प्राप्त गर्ने आम्दानी।

३. चालु खर्च
सरकारी कार्यालय सञ्चालन, कर्मचारी तलब, भत्ता, पेन्सन लगायत नियमित खर्च।

४. पुँजीगत खर्च
सडक, पुल, भवन, ऊर्जा जस्ता विकास निर्माणका लागि छुट्याइने रकम।

५. वित्तीय व्यवस्था
सरकारी ऋण तिर्न, ब्याज भुक्तानी गर्न वा लगानी व्यवस्थापनका लागि राखिएको बजेट ।

६. वैदेशिक अनुदान
विदेशी सरकार वा संस्थाबाट फिर्ता नगर्नुपर्ने सर्तमा प्राप्त आर्थिक सहयोग ।

७. वैदेशिक ऋण
ब्याजसहित भविष्यमा फिर्ता गर्ने गरी विदेशबाट लिइने कर्जा।

८. आन्तरिक ऋण
देशभित्रका बैंक वा नागरिकबाट सरकारले उठाउने ऋण।

९. बजेट घाटा
सरकारी आम्दानीभन्दा खर्च बढी हुने अवस्था।

१०. पूरक बजेट
मुख्य बजेट अपुग हुँदा थप रूपमा ल्याइने अतिरिक्त बजेट।

**◆ कर प्रणाली र आर्थिक नीतिका शब्दहरु**

११. प्रत्यक्ष कर
व्यक्तिको आय वा सम्पत्तिमा सिधै लाग्ने कर ।

१२. अप्रत्यक्ष कर
वस्तु तथा सेवाको खरिदबिक्रीमार्फत तिरिने कर।

१३. भ्याट (VAT)
उत्पादनदेखि बिक्रीसम्म प्रत्येक चरणमा थपिएको मूल्यमा लाग्ने कर ।

१४. अन्तःशुल्क
मदिरा, सुर्ती जस्ता विशेष वस्तुमा लगाइने कर।

१५. भन्सार महसुल
विदेशबाट सामान ल्याउँदा वा पठाउँदा लाग्ने शुल्क।

१६. करको दायरा
कर प्रणालीमा समावेश भएका व्यक्ति तथा व्यवसायहरूको समूह।

१७. वित्तीय नीति
सरकारले कर र खर्चमार्फत अर्थतन्त्र चलाउने नीति।

१८. मौद्रिक नीति
राष्ट्र बैंकले मुद्रा आपूर्ति र ब्याजदर नियन्त्रण गर्न बनाउने नीति।

१९. कर छुट
निश्चित क्षेत्रलाई प्रोत्साहन गर्न दिइने कर सहुलियत।

२०. राजस्व चुहावट
गैरकानुनी तरिकाले कर छली हुँदा सरकारलाई हुने घाटा।

**◆ समष्टिगत अर्थतन्त्रका आधारभूत शब्दहरु**

२१. जीडीपी (GDP)
एक वर्षमा देशभित्र उत्पादन भएका वस्तु तथा सेवाको कुल मूल्य ।

२२. आर्थिक वृद्धिदर
अघिल्लो वर्षको तुलनामा अर्थतन्त्र बढेको प्रतिशत।

२३. मुद्रास्फीति
वस्तु तथा सेवाको मूल्य निरन्तर बढ्ने अवस्था।

२४. प्रतिव्यक्ति आय
देशको कुल आम्दानीलाई जनसंख्याले भाग गर्दा आउने औसत आय।

२५. अनौपचारिक अर्थतन्त्र
सरकारी अभिलेख वा कर प्रणालीबाहिर हुने आर्थिक गतिविधि ।

२६. भुक्तानी सन्तुलन
विदेशबाट आएको र बाहिर गएको मुद्राको समग्र हिसाब ।

२७. व्यापार घाटा
निर्यातभन्दा आयात बढी हुने अवस्था।

२८. विप्रेषण
विदेशमा कार्यरत नागरिकले स्वदेश पठाएको रकम।

२९. विदेशी मुद्रा सञ्चिति
केन्द्रीय बैंकसँग सुरक्षित राखिएको विदेशी मुद्रा भण्डार।

३०. तरलता
बैंक तथा वित्तीय संस्थासँग उपलब्ध नगद रकमको अवस्था।

४. योजना, अनुदान र विनियोजनसँग सम्बन्धित शब्दहरु

३१. बजेट सिलिङ
खर्च गर्न पाइने अधिकतम सीमा।

३२. राष्ट्रिय गौरव आयोजना
देशका लागि विशेष महत्व राख्ने ठूला परियोजना।

३३. वित्तीय समानीकरण अनुदान
केन्द्र सरकारले प्रदेश वा स्थानीय तहलाई दिने सर्तविहीन सहयोग।

३४. ससर्त अनुदान
निश्चित कामका लागि मात्र खर्च गर्न पाइने अनुदान।

३५. समपूरक अनुदान
केन्द्र र स्थानीय तह मिलेर साझेदारीमा लगानी गर्ने रकम।

३६. विशेष अनुदान
विशेष परिस्थिति वा क्षेत्र विकासका लागि दिइने सहयोग।

३७. पुँजी निर्माण
भविष्यमा उत्पादन बढाउने पूर्वाधारमा गरिने लगानी ।

३८. विनियोजन विधेयक
सरकारी खर्चलाई कानुनी स्वीकृति दिने विधेयक ।

३९. आर्थिक विधेयक
कर तथा राजस्वसम्बन्धी कानुनी प्रस्ताव।

४०. रकमान्तर
एक शीर्षकको बजेट अर्को शीर्षकमा सार्ने प्रक्रिया ।

**◆ आधुनिक आर्थिक अवधारणा र अन्य महत्वपूर्ण शब्दहरु**

४१. नवप्रवर्तन
नयाँ सोच वा प्रविधिको प्रयोगबाट गरिने सुधार ।

४२. स्टार्टअप
नवीन आइडियामा आधारित नयाँ व्यवसाय।

४३. सार्वजनिक-निजी साझेदारी (PPP)
सरकार र निजी क्षेत्र मिलेर आयोजना सञ्चालन गर्ने मोडेल ।

४४. पुँजी बजार
सेयर तथा दीर्घकालीन लगानी कारोबार हुने बजार ।

४५. आर्थिक अनुशासन
आवश्यकता अनुसार मात्रै व्यवस्थित खर्च गर्ने नीति ।

४६. सञ्चित कोष
सरकारको मुख्य कोष जहाँ सबै राजस्व जम्मा हुन्छ ।

४७. दिगो विकास लक्ष्य (SDG)
संयुक्त राष्ट्रसंघले तय गरेका विश्वव्यापी विकासका लक्ष्यहरु ।

४८. क्रयशक्ति
निश्चित रकमले कति वस्तु वा सेवा किन्न सकिन्छ भन्ने क्षमता।

४९. सहुलियतपूर्ण कर्जा
कम ब्याजदरमा सरकारले उपलब्ध गराउने ऋण सुविधा।

५०. फजुल खर्च


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
प्रचिन विष्ट
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ ।
किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
सम्पर्क नम्बर : ९८४४६८०४९९

# तीनसय किसानलाई हाते ट्याक्टर



भोजपुर/ पौवादुङमा गाउँपालिकाले कृषिमा यान्त्रिकीकरण प्रवर्द्धन गर्ने लक्ष्यसहित तीन सयभन्दा बढी किसानलाई हाते ट्याक्टर ( मिनीटिलर) वितरण कार्यक्रम सुरू गरेको छ । किसानको माग र आवश्यकता मूल्यांकनका आधारमा पहिलो चरणमा १७० हाते ट्याक्टर वितरण गरिएको हो ।

बाँकी किसानलाई क्रमशः वितरण गरिने छ । गाउँपालिकाले कुल ३४० किसानलाई ५० प्रतिशत लागत साझेदारीमा हाते ट्याक्टर उपलब्ध गराउने प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । परम्परागत खेती प्रणालीलाई आधुनिकीकरणतर्फ रूपान्तरण गर्न यो कार्यक्रम प्रभावकारी बन्ने उनले बताए ।गाउँपालिका अध्यक्ष किरण राईले कृषिलाई स्थानीय अर्थतन्त्रको मेरूदण्डका रूपमा विकास गर्न यस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको बताए । विगत वर्षदेखि नै कृषि क्षेत्रमा विभिन्न अनुदान तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्दै आएको उनको भनाइ छ । किसानमा व्यावसायिक सोचको विकास गराउन गाउँपालिकाले कृषिमा जोड दिएको छ ।

बलिउड

# ट्विशा शर्मा मृत्यु प्रकरण: सासू पक्राउ



एजेन्सी । भारतको केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) ले एक भारतीय चलचित्र उद्योगकी अभिनेतृको मृत्यु प्रकरणमा उनकी सासूलाई पक्राउ गरेको छ, जसले घटनालाई हत्या वा आत्महत्या भन्ने विषयमा विवादित बनाएको छ। मृतक ट्विशा शर्माका परिवारले उनका श्रीमान् समार्थ सिंह र सासू, सेवानिवृत्त न्यायाधीश गिरिबाला सिंहविरूद्ध दाइजोका कारण निरन्तर यातना दिएको र अन्ततः हत्या गरिएको आरोप लगाएका छन्। तर सिंह परिवारले यी सबै आरोप अस्वीकार गर्दै आएका छन्।

३३ वर्षीया ट्विशा शर्मा, जो पूर्व सौन्दर्य प्रतियोगिता विजेता तथा कलाकार पनि थिइन्, विवाह भएको पाँच महिनामै १२ मेमा मध्य प्रदेशको भोपालस्थित ससुराली घरमा मृत अवस्थामा फेला परेकी थिइन्। घटनापछि प्रारम्भमा स्थानीय प्रहरीले दाइजो सम्बन्धी मृत्युको मुद्दा दर्ता गरेको थियो। हालै यो अनुसन्धान सीबीआईले आफ्नो जिम्मामा लिएको छ। सीबीआईले बिहीबार गिरिबाला सिंहलाई लामो सोधपुछपछि पक्राउ गरेको हो। यसअघि मध्य प्रदेश उच्च अदालतले उनको अग्रिम जमानत खारेज गर्दै तल्लो अदालतले महत्त्वपूर्ण प्रमाण र साक्षी बयानलाई बेवास्ता गरेको निष्कर्ष निकालेको थियो, जसपछि अनुसन्धान थप गम्भीर बनेको हो।

ट्विशाका परिवारले विवाहपछि नै दाइजोको मागलाई लिएर मानसिक र शारीरिक यातना सुरू भएको, साथै गर्भावस्थाको समयमा पनि दबाब दिइएको र कथित रूपमा गर्भपतन गर्न बाध्य पारिएको दाबी गरेका छन्। उनीहरूले यो घटनालाई योजनाबद्ध हत्या भएको बताइरहेका छन्।

पुस्तक-साभार

राजनीतिसँगै राजकाज- कल्याणकारी लोकतन्त्रको प्रस्ताव

## राजनीतिसँग राजकाज



रविन्द्र मिश्र

# अब के गर्ने ? इमानदार नेतृत्व चयन

गताङ्क....

केटाकेटीहरूलाई इमानदारी सिकाउन सकिन्छ । तर उमेर पुगिसकेकाहरूलाई इमानदार बन्न सिकाउन सकिँदैन, त्यो आत्मज्ञानबाट प्राप्त हुने गुण हो । विधिको शासनले ठूलो हदसम्म नागरिकहरूलाई इमानदार बनाउन बाध्य तुल्याउन सकिन्थ्यो । तर हामीकहाँ शासन गर्नेहरूबाटै विधि तोडिने गरेको छ । त्यसैले त्यो पनि सम्भव भएन । हाउ टु बी अ मिनिस्टरमा हाउ टु बी अनेस्ट अर्थात् इमानदार कसरी बन्ने भन्ने खण्ड नै छैन । त्यो बेलायती राजनीतिज्ञहरूका लागि महत्वपूर्ण मुद्दा नै होइन । किनभने इमानदारी त उनीहरूका लागि स्वतः अपेक्षित विषय हो। क्षमता बहसको विषय हो, इमानदारी खासै बहसमा आउने विषय होइन । हाम्रा लागि भने सबैभन्दा प्रधान विषय नै इमानदारी हो, त्यसपछि मात्र अन्य विषयमा हामी प्रवेश गर्न सक्छौ । नैतिक धरातल रसातलमा पुगेको नेपाली समाजमा इमानदारीलाई पुनःस्थापित गर्नु सहज कुरा होइन । तर त्यसको विकल्प नै छैन । तसर्थ हामीले सबैभन्दा पहिले बुद्धिविवेकले भ्याएसम्म इमानदार नेतृत्व चयन गर्नुपर्‍यो । त्यो गर्न सकेनौं भने हामी दशकौंको दलदलबाट कहिल्यै बाहिर निस्किन सक्नेछैनौ । व्यक्ति इमानदार भएन भने उसको क्षमताले झन् ठूलो हानी पुर्‍याउँछ ।

**पदभारसँगै तालिम**

उच्च पदमा पुगेका आम नेपालीहरूमा एउटा अनौठो मानसिकता छ- तालिम दिने हो, लिने होइन भन्ने । तर तालिम भनेको जिन्दगीभर लिए पनि नसकिने विषय हो । त्यसै भएर संसारका ठुल्ठूला कम्पनीहरूमा उच्च नेतृत्वलाई बारम्बार विविध तालिम दिई नै राखिन्छ । नेपालमा जसरी लोकसेवा परीक्षा उत्तीर्ण भएका भर्खरका शाखा अधिकृतहरूलाई तालिम नदिई कामको पूर्ण जिम्मेवारी दिइँदैन, त्यसैगरी नवनियुक्त मन्त्री तथा प्रधानमन्त्रीहरूलाई पनि सबैभन्दा पहिले मन्त्री-प्रधानमन्त्री कसरी बन्ने भन्ने तालिम दिनु अत्यावश्यक देखिन्छ । तुलनात्मक रूपमा दक्ष र इमानदार पूर्वप्रशासक, मन्त्री, आवश्यक परे प्रधानमन्त्री र बाहिरका विशिष्ट व्यवस्थापन विज्ञहरूले त्यस्तो तालिम दिन सक्छन् । बेलायतमा केही वर्षअगाडि दुई जना सांसदले राजनीतिज्ञहरूलाई पदभार ग्रहण गर्नुअघि र पछि उनीहरूको कामलाई प्रभावकारी र परिणाममुखी बनाउन तालिमको व्यवस्था गर्नुपर्ने माग नै अघि सारेका थिए । नेपालमा त त्यसो नगरी नहुने अवस्था छ । राजकाजको तालिम नदिने हो भने हाम्रा मन्त्री र प्रधानमन्त्रीहरु सधै तपसिलका विषयमा अल्झिरहने र प्राथमिकतामा राख्नुपर्ने विषयमा भर्न परिणाममुखी ढङ्गबाट अगाडि बढ्नै नसक्ने अवस्था देखिएको छ।

**सिक्ने रहर**

जो व्यक्तिले हरेक हेराइ, बुझाइ, घुमाइ, पढाइलाई सिक्ने अवसरका रूपमा प्रयोग गर्न सक्छ, उसले मात्र प्रभावकारी नेतृत्व गर्न र ठूलो उपलब्धि हासिल गर्न सक्छ । जङ्गबहादुर राणा एक पटक बेलायत जाँदा उनले जे देखेर, बुझेर आए, त्यसमध्ये कैयौ कुरा नेपालमा लागू गरे । आज हाम्रा नेताहरु दसौं पटक विदेश जान्छन् । तर तिनले दिनदिनै बस्ने कार्यालयमा टेबल कसरी मिलाउने, भित्तामा फोटोहरु कसरी झुन्ड्याउने, सोफा, पर्दा र भित्ताको रङ कसरी मिलाउने अथवा ती सबै जान्ने "इन्टेरियर डेकोरेटर लाई बोलाएर कोठा कसरी चिटिक्क पार्ने भन्नेसम्म कहिल्यै सिकेको देखिएन । पैसाको कुरा हुँदै होइन, सामान्य ज्ञानको कुरा हो । अपवादलाई छाडेर भन्नुपर्दा, दिनदिनै आफू बस्ने टेबल र कोठा मिलाउन नजान्नेले देश बनाउन जान्दैन । नेपालमा प्रधानमन्त्रीको बालुवाटार निवासका पाहुना कक्षहरूमा पुग्नेबित्तिकै त्यहाँ बस्ने प्रधानमन्त्रीले देश बनाउन सक्छन् या सक्दैनन् भन्ने स्वतः अनुमान लगाउन सकिन्छ । मैले यो सानो देखिने उदाहरण दिनाको कारण, दिनदिनै आफ्नै आँखाअगाडिका साना कुरा मिलाउनसम्म सिक्न नजान्नेले ठूला कुरा कसरी सिक्न सक्छन् भन्ने तथ्यलाई व्याख्या गर्न हो । कुनै नौलो, ठूलो काम गर्नुपर्‍यो या गम्भीर समस्या आयो भने सिङ्गापुरका प्रधानमन्त्री ली क्वान यूले आफ्ना मन्त्रीहरूलाई "यस्तो अवस्था निश्चय पनि कुनै न कुनै देशमा आइसकेको हुनुपर्छ । उनीहरूले त्यो अवस्थालाई कसरी ह्यान्डल गरेछन्, पत्ता लगाउनोस् त भन्ने गर्थे रे । सदा सिक्ने रहर भइदियो भने धेरै काम आफै सरल भएर जान्छ । प्रसिद्ध अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले नेतृत्व र सिक्ने रहर एकअर्कासँग अविभाज्य छन् भनेर त्यसै भनेका होइनन् । क्रमशः.....

जानकारी

# गड्यौले मलको उपयोगीता र फाईदा

गड्यौले मल प्राङ्गारिक खेतीका लागि अति उत्तम मल हो र यसलाई व्यवस्थित पालन गरेमा यसबाट राम्रो प्राङ्गारिक मल तयार गर्न सकिन्छ । गड्यौलाले खाएको खाना पाचन नलीमा धेरै बेर रहँदैन र धेरै पनि रहँदैन । खाएको ५(१० भाग मात्र शरीर उपयोगको लागि प्रयोग हुन्छ । अरु बाँकी भाग शरीर बाहिर निष्कासन गर्दछ, जसलाई काष्ट भनिन्छ । यसले खाएर पचाएर दिशाको रूपमा फालेको दानेदार मललाई गड्यौलाबाट तयार पारिएको कम्पोष्ट मल वा गँड्यौली मल भनिन्छ ।

**फाइदाहरूः**

- यो मलमा भएका खाद्यतत्वहरु पानीमा घुलनशील हुन्छन् र बिरूवाले यसमा भएका खाद्यतत्वहरूलाई सजिलैसँग लिन सक्दछ ।
- यो मलमा एन्टिबायोटिक, भिटामिन, हर्मोन प्राप्त हुने भएकोले अरु मलभन्दा यो मलको गुणस्तर राम्रो मानिन्छ ।
- यस मलको प्रयोगले रासायनिक मलको उपलब्धता बढाउँछ र बाली बिरूवाको वृद्धि विकास पनि छिटो हुन्छ ।
- गड्यौला कम्पोष्टको कार्बनः नाईट्रोजन अनुपात परम्परागत गोठेमल वा कम्पोष्टको भन्दा कम हुन्छ र यसमा भएको नाईट्रोजन बिरूवालाई तुरून्तै उपलब्ध हुन्छ ।
- खेती र घरेलु फोहर वस्तुहरूबाट यो मल बनाईने हुँदा वातावरणलाई स्वच्छ राख्न मद्धत पुग्दछ ।

गड्यौला विभिन्न प्रजातिका हुन्छन् । संसारमा १८०० भन्दा बढी प्रजातिका गड्यौला पाईन्छन् र तीमध्य रातो विग्लरहरूचभम धष्नभिचक (आइसेनिया फेटीडा, भ्कभलष्बाभतष्मब) गड्यौली मल बनाउनका लागि सामान्यता प्रयोग हुने गड्यौला हो । हुन त अहिले विभिन्न नामबाट प्राङ्गारिक र जैविक मलहरू उत्पादन भैरहेको छन् र ती मलहरूमा एकै किसिममा पोषक तत्वहरू नपाउन पनि सकिन्छ । त्यसैले आफैले घरमा गड्यौलापालन गरी उत्पादन गरिएको मल भरपर्दो र गुणस्तरीय हुन्छ ।

**घरमै कसरी बनाउने ?**

गड्यौला पालनका लागि १ मिटर चौडाई, ६० से.मी उचाई र ५ मिटर लम्वाई अथवा लम्बाई आफ्नो आवश्कता अनुसारको पिट अथवा बिन तयार गर्नुपर्छ । भुँइ ढलान गरेर प्लास्टर पनि गर्नुपर्छ र हल्का भिरालो बनाई होंचो भागतिर १(२ इन्चको पाइप राख्नु पर्छ । आफ्नो स्रोत अनुसार, पिट जति पनि बनाउन सकिन्छ, माथिबाट घामपानी बचाउन खर, पराल वा प्लाष्टिकले छाउनु पर्दछ । सकेसम्म छानाबाट तातो नछिर्ने खालको अथवा घामको प्रकाशले तल तातो नहुने खालको बनाउनु पर्छ ।

गड्यौला राख्नुभन्दा पहिले १५ देखि २० दिन खाद लगाएर सेलाएको गोबरलाई प्रयोग गर्नुपर्छ । तल घाँस, पराल वा सोत्तरको एक तह राखी त्यसमाथि सेलाएको गोबर एक तह राख्नुपर्छ, यसो गर्दा सोत्तर राम्रोसँग भिजेको हुनुपर्छ र तह(तह बनाएर राख्नुपर्छ र माथिल्लो सतहमा गोबर मसिलो बनाएर राख्नुपर्छ ( भएसम्म गोबर ग्यासको स्लरी राख्दा पनि हुन्छ) । गोबर भरिएपछि एक छेउबाट गड्यौला छोड्नुपर्छ । गड्यौला धेरै भए फरक पर्दैन तर कम्तिमा प्रतिवर्ग फिट २०० का दरले राख्नु पर्छ । गड्यौला छोडीसकेपछि माथिबाट जुटको बोरा राखी झाहरीको सहायताले पानी हाल्नुपर्छ र त्यो बोरालाई चिसो बनाइराख्नुपर्छ । पिटमा जम्मा भएको पानी जुन पाईपबाट बाहिर निस्किन्छ, त्यसलाई एउटा भाँडोमा जम्मा गरी पातलो हुदाँसम्म प्रयोग गर्न सकिन्छ र बाक्लो र गाढा भएपछि यसलाई पनि मलको रूपमै प्रयोग गर्न सकिन्छ । यसलाई भर्मीवास भनिन्छ । १ लिटर भर्मीवासमा ४ लिटर पानी मिसाई बिरूवामा छर्न वा फेदबाट दिन सकिन्छ । गड्यौलाको बेडिंगमा कुहिने गल्ने सबै कुराहरू राख्न सकिन्छ तर लसुन, प्याज, माछा, मासु साथसाथै प्लाष्टिक, नाइलन, ऊनजस्ता नगल्ने र नकुहिने वस्तुहरू राख्नु हुँदैन ।

गड्यौला चिस्यान रूचाउने जीव हो त्यसैले गड्यौलाको बेडमा ६०(६५ प्रतिशत चिस्यान हुन आवश्यक हुन्छ । ३५ डिग्री सेल्सियस तापक्रम तथा १० डिग्रीभन्दा कम चिसोमा गड्यौला फस्टाउन सक्दैन र एकै ठाउँमा जम्मा भएर गुडुलिकिन्छ । गड्यौलाले तल फर्किएर खान्छ र कास्टिङ माथि सतहमा बिसर्जन गर्छ । माथिल्लो सतहमा एक भित्ता जति मल थुप्रिएपछि हल्कासँग सोरेर नजिकै छुटै पिट बनाएर मल थुपार्नुपर्छ । त्यसो गर्दा मलमा भएका गड्यौलाका कोकनहरू ह्याच हुन पाउँछन् र नयाँ गड्यौलाहरू उत्पादन हुन्छन् । बेडिंगमा मल तयार भैसकेपछि ३ मिलिमिटरको चाल्नोले चालेर गड्यौला र मल छुट्याउनु पर्दछ । गड्यौलासँग गेडा मल र नपचेको मल तथा अन्य वस्तुहरू हुन्छन्, त्यसबाट गड्यौला छुट्टाउन उज्यालोमा लगेर प्लेन सिट वा प्लाष्टिकमा लामो पारेर थुप्राई बढी उज्यालो पार्न सकिन्छ, गड्यौला प्रकाश मन नपराउने भएकाले गड्यौला जति तल जम्मा हुन्छन् र माथि भएको मललाई सोरेर जम्मा गर्न सकिन्छ । यसो गरे पश्चात यी गड्यौलाहरूलाई पुनः माथि बताइएअनुसार पिट बनाएर फेरी प्रयोग गरी गड्यौली मल उत्पादन गर्न सकिन्छ ।

# व्यवसायीक कृषिमा रमाएका वडाध्यक्ष चौधरी



बिराटनगर/ मोरङको बुढीगंगा गाउँपालिका-४ का वडाध्यक्ष शशिकान्त चौधरी वडा र राजनीतिको काममा मात्र व्यवस्त हुँदैनन् । उनी व्यवसायीक कृषि कर्ममा पनि उत्तिनै समय दिन्छन् । दैनिक वडा कार्यालयको व्यस्त तालिकाका बीच पनि उनले बिहानको समयमा आधा घण्टा मात्रै निकालेर आफ्नै बारीमा श्रम गर्दै आएका छन्।

दैनिक बिहान ४ बजे उठेर क्लब जाने र त्यसपछिको केही समय कृषि कार्यमा खर्चिने उनको नियमित दैनिकी नै हो । उनले आफ्नो सवा बिघा जग्गामध्ये मात्र सवा कामा व्यावसायिकरूपमा लौका खेती गरेका छन् । बाँकी जमिनमा घरका लागि आवश्यक पर्ने फर्सी, खुर्सानी, करेला, परवल, बैगुन, लट्टे र पाटाको साग लगायतका तरकारीहरु उत्पादन गरेका छन्। यसले गर्दा उनको परिवारलाई घरका लागि तरकारी किन्न बजार धाउनु पर्ने बाध्यता हटेको छ । वडाध्यक्ष चौधरीले फागुनको अन्तिम सातादेखि सुरू गरेर वैशाखको मध्यसम्ममा सवा का जग्गाबाट मात्रै करिब ६ हजार वटा लौका उत्पादन गरेको बताए ।

उत्पादित लौकामध्ये पाँच हजारवटा उनले बजारमा बिक्री गरे। बाँकी एक हजार लौका बारीमै आउने आफन्त र साथीभाइहरूलाई उपहारको स्वरूप निःशुल्क वितरण गरेको बताए । सुरूवाती समयमा प्रतिगोटा एक सय रूपैयाँसम्ममा बिक्री भएको लौकाको मूल्य हाल घटेर ३० देखि ४० रूपैयाँसम्म पुगेको छ। लौका बिक्रीबाट मात्रै उनले २ लाख रूपैयाँ बराबरको आम्दानी गरेको सुनाए ।यद्यपि बजारमा उचित मूल्य र मागको उतारचढावका कारण उनले केही चुनौतीको समेत सामना गर्नुपरेको छ। एक पटक ७(८ सय गोटा फर्सीको गट्टा साप्ताहिक हाटबजारमा पठाउँदा उचित मूल्य नपाई फिर्ता आएपछि उनले बाँकी रहेका फर्सीहरूलाई बजारमा सस्तोमा बेच्नुको साटो घरमै सुरक्षित रूपमा भण्डारण गरेर राख्नु परेको थियो ।


ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

**पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,** दमक-८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७


## दैनिक राशिफल

आज मिति २०८३ साल जेठ १६ गते शनिबार 30 May 2026 तिथि: चर्तुदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | विपरीतलीङ्गीबाट सहयोग । विशेष धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मावलीबाट सहयोग । अरुदिनको भन्दा आज आयमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सन्तानबाट सहयोग, पढाईमा रुचि । लगानी उठ्ने वा व्यापारबाट धन लाभ । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | पारिवारिक सदभाव बढ्ने । आज धन लाभका दिन । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने, आम्दानी बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | धन जम्मा गर्ने दिन । उत्तम भोजन । |
| तुला | हि हु हे हो डा डि डु डे डो | पश्चिम दिशाको कारोबारमा लाभ । मनमा शान्ति, धर्ममा रुचि । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शुभकार्यमा रुचि । सामान्य मनमा अशान्ति । |
| धनु | य यो भा भी भ धा फा ढ भे | वैदेशिक कार्यबाट लाभ । कारोबारबाट धन लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | माता, पिताबाट सहयोग । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सामान्य लाभ । पूण्यकर्म गर्न मन लाग्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा अशान्ति । व्यवसायबाट सामान्य लाभ । |

# रास्वपा सरकारका दुई महिना : १०० बुँदे कार्यसूचीमा १५ काम

**दमक**/नेपालको बजेट इतिहासमा केही बजेटहरूले मात्र दीर्घकालीन प्रभाव छोड्न सफल भएका छन्। अहिलेका अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले पनि बारम्बार स्मरण गर्ने २००८ सालको बजेट नेपालकै पहिलो बजेट थियो, जसलाई तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेर ले सार्वजनिक गरेका थिए ।

राणा शासनपछि प्रजातान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेको नेपालमा जनताले पहिलोपटक राज्यको आम्दानी र खर्चबारे जानकारी पाउने अधिकार यही बजेटबाट प्राप्त गरेका थिए। त्यसपछि २०१६/१७ को बजेटले जननिर्वाचित सरकारमार्फत आयकर, व्यापार कर तथा मालपोत करको सुरुवात गर्दै आधुनिक कर प्रणालीको आधार निर्माण गर्‍यो। २०४१/४२ मा डा. प्रकाशचन्द्र लोहनी ले ल्याएको उदार वित्तीय नीतिले निजी बैंक तथा वित्तीय संस्थाको ढोका खोल्यो।

२०४८/४९ को बजेटमार्फत महेश आचार्य ले आर्थिक उदारीकरण र खुला बजार अर्थतन्त्रलाई संस्थागत गरेपछि निजी क्षेत्रको विस्तार तीव्र बन्यो। त्यसैगरी २०५१/५२ मा भरतमोहन अधिकारी ले 'आफ्नो गाउँ आफै बनाऔं' अभियान र सामाजिक सुरक्षा भत्ताको सुरुवात गरेर बजेटलाई जनमुखी बनाएका थिए। २०६५/६६ मा डा. बाबुराम भट्टराई ले महत्वाकांक्षी आकारको बजेट ल्याउँदै लगानी बोर्ड, ठूला पूर्वाधार आयोजना र सामाजिक सुरक्षालाई विस्तार गरे। त्यसपछि २०७२/७३ मा डा. रामशरण महत ले भूकम्पपछिको पुनर्निर्माणलाई केन्द्रमा राख्दै ऐतिहासिक बजेट ल्याए, जसले नेपाललाई पुनर्निर्माणतर्फ अघि बढायो। यी बजेटहरूले नेपालको आर्थिक, सामाजिक र राजनीतिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएका छन् ।

# मेची पुलबाट दुई थाइ महिला पक्राउ

बिर्तामोड । नेपाल-भारत सीमामा अध्यागमनको नक्कली कागजपत्रसहित भारतबाट नेपाल प्रवेश गर्न खोज्ने दुई थाई महिला पक्राउ परेका छन् ।

नक्कली अध्यागमनको कागजपत्रको सहयोगमा बिहीबार भारतबाट नेपाल प्रवेश गर्न खोजिरहेका दुई थाई महिलालाई पानीटंकी बोर्डर चेकपोष्टको नयाँ मेची पुलबाट भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा ४३ वर्षीया पिम्चानोक केतला र ३८ वर्षीया मिस चिन्तारा बुद्धफोङ रहेका छन् । नक्कली कागजपत्र बनाएर मानव बेचबिखन तथा अवैध आवतजावत गर्ने सञ्जालविरूद्ध ठूलो सफलता हात पारेको एसएसबीले जनाएको छ । ४१ औं वाहिनी एसएसबी, रानीडांगाको बोर्डर इन्टरएक्शन टीम बीआईटी टोलीले सेतो स्विफ्ट कारलाई रोकेर अनुसन्धान गरेको थियो । कारमा यात्रा गरिरहेका ती दुई विदेशी महिलाहरूको राहदानी प्रमाणीकरणको लागि सिफ्ट कमाण्डरलाई बुझाइएको थियो। ती महिलासँगै रहेका एकजना शंकास्पद कुरियर एजेन्ट भने फरार भएका छन् । एक्जिट स्ट्याम्पमा शंका लागेपछि उनी भागेका हुन् । उनको गतिविधि र गाडीको तस्बिर सीसीटीभी क्यामेरामा कैद भएको जनाइएको छ ।

अनुसन्धानको क्रममा, अध्यागमन रानीगञ्जबाट प्राप्त जानकारी र प्रमाणिकरणले ती दुई महिलालाई कुनै वैध एक्जिट स्ट्याम्प जारी गरिएको थिएन। त्यसपछि, एसएसबी र अन्य सुरक्षा एजेन्सीहरूको संयुक्त सोधपुछले नक्कली अध्यागमन सिलहरु राख्नमा संगठित सिन्डिकेट संलग्न भएको खुलासा भएको छ ।

यसअघि बैशाखको अन्तिम साता पनि नेपाल- भारत सीमामा दुई थाई नागरिकसहित चारजना पक्राउ परेका थिए । झापा हुँदै नेपालबाट भारत प्रवेश गर्न खोज्दा उनीहरू पक्राउ परेका थिए । थाई महिलाहरू यौन व्यवसायका लागि नेपाल आउने क्रम बढेको छ । 'थाई मसाज' को बहानामा थाई महिलाहरू यौन व्यापार नेटवर्कसँग संलग्न रहेका छन् ।

***रास्वपा...***यसअघिको तदर्थ समितिमा प्रकाश पाठक कार्यबाहक सभापति र शम्भु ढकाल सचिव रहेका थिए । दुवैजना प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका छन् । सांसद हुनेहरूले जिल्ला समितिमा बस्न नपाउने बताइएको छ ।

***केन्द्रमा.....***अधिवेशनको कम्तीमा एउटा बैठकको पहिलो डेढ घण्टा प्रश्नोत्तरका लागि छुट्याउनुपर्ने स्पष्ट व्यवस्था गरेको भए पनि व्यवहारमा त्यो कागजमै सीमित बनेको छ ।

दोस्रो कार्यकाल शुरू भएयता कोशी प्रदेशसभामा मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम जम्मा एक पटक मात्रै भएको छ । २०८० कात्तिक २३ गते तत्कालीन मुख्यमन्त्री केदार कार्कीसँग भएको उक्त प्रश्नोत्तरमा आठ जना सांसदले प्रश्न टिपाएका थिए । त्यसअघि एमालेका हिक्मतकुमार कार्की र कांग्रेसका उद्धव थापा पटक-पटक मुख्यमन्त्री बने, तर सांसदका प्रश्नको सामना गर्ने अभ्यास संस्थागत हुन सकेन । अहिले पुनः हिक्मत कार्की मुख्यमन्त्री छन्, तर संसद्प्रतिको जवाफदेहिताको अभ्यास अझै ओझेलमै छ ।

प्रदेशसभा सचिवालयकी कानुन अधिकृत जेनिशा चुवानका अनुसार नियमावलीअनुसार सांसदहरूले मन्त्रीसँग लिखित वा मौखिक प्रश्न सोध्न सक्ने व्यवस्था छ । आठौं अधिवेशनमा प्रदेशसभा सदस्य खिनु लङ्वा लिम्बूले सामाजिक विकास मन्त्री रामप्रसाद महतोलाई प्रदेश सरकारी कामकाजको भाषा र दलित सशक्तीकरण विधेयक कार्यान्वयन नहुँदा प्रश्न गरेकी थिइन् । मन्त्रीले आगामी अधिवेशनमा समाधान गर्ने आश्वासन दिए पनि त्यसको प्रभावकारी कार्यान्वयन अझै देखिएको छैन ।

सभामुख अम्बरबहादुर विष्ट स्वयंले प्रश्नोत्तर अभ्यास कमजोर रहेको स्वीकार गरेका छन् । प्रदेश सांसद गोम्बु शेर्पाले पनि सांसदहरू नै निष्क्रिय हुँदा सरकारमाथि दवाब सिर्जना हुन नसकेको बताएका छन् । अर्थात्, समस्या नियमको अभावभन्दा पनि राजनीतिक इच्छाशक्तिको कमीमा देखिन्छ ।

***आयोगको......***

गर्ने दिशातर्फ सरकार अग्रसर हुनुपर्दछ । यसमा अभियुक्तमा रूपमा देखिएका अथवा मानवअधिकार आयोगले दोषी ठहर्‍याएका मानिसहरूले पनि प्रक्रिया पुर्‍याएर छिटोभन्दा छिटो सफाइ लिनु पर्दछ । यो गम्भीर विषय हो । किनभने यो केवल नेपालमा मात्रै सिमित रहने विषय होइन,' उनले भने । आयोगको प्रतिवेदनमा नेपालमा मात्रै सीमित नभएर यो संयुक्त राष्ट्रसंघ र त्यसमा आवद्ध संघ, संस्थाहरूको पनि रेकर्डमा रहने भएकाले त्यसमा दोषी देखिएकाहरूले सफाइका लागि आवश्यक कदम चाल्न ढिलाइ गर्न नहुने उनको भनाइ छ ।

***अतिक्रमणको......***गर्ने गरेको यो सरकारी संरचना अहिले व्यवस्थापकीय कमजोरीका कारण मृत प्रायः अवस्थामा पुगेको हो । नयाँ सरकारले रूग्ण उद्योग चलाउने विषयलाई सयबुँदे प्राथमिकतामा समावेश नगरे पनि नागरिक तहमा भने त्यो आशा जागेको पाइन्छ । सरकारले चाहेको खण्डमा असम्भव केही छैन तर जीर्ण भइसकेको उद्योग चलाउन सजिलो नरहेको तिम्सिनाले बताए ।

यहाँका ४६ जना करार सेवाका पूर्वकर्मचारीलाई २०७३ जेठ १ देखि २०७७ मङ्सिरसम्म तीन करोड दुई लाख ९३ हजार ९२३ रूपियाँ तलब अझै भुक्तानी हुन सकेको छैन । पारिश्रमिक भुक्तानीका लागि श्रम कार्यालय हुँदै अदालतसम्मबाट मजदुर तथा कर्मचारीले मुद्दा जितिसकेका छन् तर पारिश्रमिक भने पाएका छैनन् । पछिल्लो समय मिलमा कार्यरत कर्मचारी मनोज खड्का मिलको सुरक्षा र अतिक्रमणको समस्याले उद्योग थप थलिएको बताउँछन् । मिलका कतिपय महत्वपूर्ण पार्टपुर्जा चोरी भइसकेका छन् भने बाँकी रहेका पनि प्रविधिको हिसाबले निकै पुराना भएकाले अहिलेको बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा छैनन् ।

***एक तिहाई.....***

वित्तीय व्यवस्थातर्फको खर्च ७१.६४ प्रतिशत भएको छ । यस अवधिमा २ खर्ब ६८ अर्ब ८४ करोड वित्तीय व्यवस्थामा खर्च भएको तथ्यांक छ । विनियोजन भने ३ खर्ब ७५ करोड भएको थियो । राजस्वतर्फ महालेखाले बुधबारसम्मको मात्र यथार्थ विवरण सार्वजनिक गरेको छ । जस अनुसार १० खर्ब २६ अर्ब रूपैयाँ राजस्व संकलन भएको छ । जुन वार्षिक लक्ष्यको ६९.३३ प्रतिशत हो । यस वर्ष सरकारले १४ खर्ब ८० अर्ब रूपैयाँ राजस्व संकलनको लक्ष्य राखेको छ । कुल राजस्व र खर्चका बीचमा झण्डै २ खर्बको खाडल बनेको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## इरान अमेरिका युद्ध शान्ति सम्झौतामा टुंगिने संकेत

**एजेन्सी**/ ईरान र अमेरिकाबीच महिनौंदेखि जारी सैन्य तथा कूटनीतिक तनावका बीच अहिले एक सम्भावित शान्ति सम्झौताको रूपरेखा बाहिर आउन थालेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुई देशबीच शान्ति सम्झौताका लागि कुराकानी लगभग अन्तिम चरणमा पुगिसकेको र चाँडै नै यसको आधिकारिक घोषणा गरिने दाबी गरेका छन् । यसैबीच, ईरानको अर्ध-सरकारी समाचार एजेन्सी 'फार्स न्यूज' ले एक ठूलो खुलासा गर्दै वासिङ्टनले तेहरानसमक्ष पाँचवटा ठूला र कडा सर्तहरू राखेको दाबी गरेको छ, जसमाथि अहिले सहमतिको प्रयास भइरहेको छ ।

प्रस्तावित सम्झौताको मस्यौदा (ड्राफ्ट) मा सबैभन्दा संवेदनशील र मुख्य मुद्दा ईरानको परमाणु कार्यक्रमसँग जोडिएको छ, जसअन्तर्गत अमेरिकाले ईरानसँग रहेको ४०० किलोग्राम 'हाइली एनरिच्ड युरेनियम' (उच्च संवर्धित युरेनियम) पूर्ण रूपमा अमेरिकालाई हस्तान्तरण गर्नुपर्ने माग राखेको छ । पश्चिमी देशहरूका लागि लामो समयदेखि यो युरेनियम टाउको दुखाइको विषय बनिरहेको छ, किनकि यसको प्रयोग सिधै परमाणु हतियार निर्माणका लागि गर्न सकिन्छ ।

परमाणु सामग्री बुझाउनुपर्ने सर्तका साथै अमेरिकाले ईरानको समग्र न्यूक्लियर संरचनालाई पनि नियन्त्रण गर्ने रणनीति बनाएको छ। अमेरिकी सर्त अनुसार ईरानले भविष्यमा आफ्नो केवल एउटा मात्र परमाणु केन्द्र (न्यूक्लियर फेसिलिटी) चालू राख्न पाउनेछ भने बाँकी अन्य सबै परमाणु गतिविधिहरूमा तत्काल रोक लगाउनुपर्नेछ । आर्थिक तथा कूटनीतिक मोर्चामा पनि

***नेपालको......***को बजेटमार्फत महेश आचार्य ले आर्थिक उदारीकरण र खुला बजार अर्थतन्त्रलाई संस्थागत गरेपछि निजी क्षेत्रको विस्तार तीव्र बन्यो। त्यसैगरी २०५१/५२ मा भरतमोहन अधिकारी ले 'आफ्नो गाउँ आफै बनाऔं' अभियान र सामाजिक सुरक्षा भत्ताको सुरुवात गरेर बजेटलाई जनमुखी बनाएका थिए । २०६५/६६ मा डा. बाबुराम भट्टराई ले महत्वाकांक्षी आकारको बजेट ल्याउँदै लगानी बोर्ड, ठूला पूर्वाधार आयोजना र सामाजिक सुरक्षालाई विस्तार गरे ।

त्यसपछि २०७२/७३ मा डा. रामशरण महत ले भूकम्पपछिको पुनर्निर्माणलाई केन्द्रमा राख्दै ऐतिहासिक बजेट ल्याए, जसले नेपाललाई पुनर्निर्माणतर्फ अघि बढायो । यी बजेटहरूले नेपालको आर्थिक, सामाजिक र राजनीतिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएका छन् ।

***सुकुमबासी......***

लगत संकलन, प्रमाणीकरण, जग्गा उपलब्ध गराउने, नक्सा र स्रेस्ता तयार गर्ने तथा लालपुर्जा वितरणसम्मका सम्पूर्ण प्रक्रिया समितिमार्फत हुनेछ । लालपुर्जा वितरण सीडीओको उपस्थितिमा अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्था गरिएको छ। पति-पत्नीको संयुक्त नाममा जग्गाधनी प्रमाणपत्र जारी गर्ने नियमसमेत अनिवार्य गरिएको छ ।

समितिको बैठकमा आधाभन्दा बढी सदस्य उपस्थित भए गणपूरक संख्या पुग्ने र मत बराबर भए सीडीओको निर्णायक मत लागू हुने व्यवस्था गरिएको छ । साथै समितिले प्रत्येक महिना मन्त्रालयमा प्रगति विवरण बुझाउनुपर्नेछ। अनियमितता वा उजुरी परे मन्त्रालयले छानबिन गरी कारबाही सिफारिस गर्न सक्नेछ ।

सरकारले यो व्यवस्थाले सुकुमबासी समस्या समाधान प्रक्रियामा पारदर्शिता बढ्ने, राजनीतिक हस्तक्षेप घट्ने र बिचौलियाको प्रभाव नियन्त्रण हुने अपेक्षा गरेको छ ।

***मौरी......****विकास कार्यक्रम" अन्तर्गत छनोट भएका कृषकहरूलाई व्यावसायिक मौरीपालन र गुणस्तरीय मह उत्पादनमा सक्षम बनाउने लक्ष्य राखिएको छ । यसैबीच सुखानी शहीद स्मृति उद्यान व्यवस्थापन समितिको सभाहलमा तीन दिने तालिम पनि सुरू गरिएको छ । तालिममा मौरी विशेषज्ञ सुवास दाहालले सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्नेछन्। कार्यक्रममा जनप्रतिनिधि, प्राविधिक तथा समूहका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमले ग्रामीण क्षेत्रमा व्यावसायिक मौरीपालनलाई प्रवर्द्धन गर्दै स्थानीय आयआर्जनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।*

***गणतन्त्र......***

राष्ट्र बनाउनका लागि अभिप्रेरित गरेको छ,' उनले थपे । राष्ट्रपतिले राजनीतिक दल, सरकार र नेतृत्व विनयशील, जनउत्तरदायी तथा चरित्रवान हुनुपर्नेमा जोड दिए । 'हाम्रा राजनीतिक दल, हाम्रा सरकार र हाम्रो नेतृत्व सिर्जनशील, विनयशील, जनउत्तरदायी र चरित्रशील हुनैपर्छ। हाम्रा शासकीय अंगहरूलाई गतिशील बनाउनै पर्छ,' पौडेलले भने ।

**प्रदेशले मनायो गणतन्त्र दिवश**

कोशी प्रदेश सरकारले शुक्रबार विराटनगरमा एक विशेष समारोह आयोजना गरी १९ औं गणतन्त्र दिवस भव्यताका साथ मनाएको छ। सो अवसरमा विभिन्न जातजातिको झाँकी प्रदर्शन गरिएको थियो भने बिहान प्रभावफेरी आयोजना गरिएको थियो ।

सोहि अवसरमा आयोजीत सभामा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले लोकप्रियतावादको नाममा भइरहेका गतिविधिले मुलुकले प्राप्त गरेका राजनीतिक उपलब्धिहरूमाथि गम्भीर प्रहार भइरहेको बताएका छन् । मुख्यमन्त्री कार्कीले सात दशक लामो त्याग र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्नु सबैको साझा दायित्व भएको उल्लेख गरे । । उनले संविधानले प्रत्याभूत गरेका नागरिक अधिकार र लोकतान्त्रिक मूल्य मान्यतालाई कमजोर पार्ने कुनै पनि प्रयास सफल हुन नदिने दृढता व्यक्त गरे । कोसी प्रदेश सरकारको आयोजनामा विराटनगरको जिल्ला प्रशासन कार्यालय अगाडिबाट शुरू भएको र्‍याली बजार परिक्रमा गरि विरेन्द्र सभागृहमा पुगेर मूल समारोहमा परिणत भएको थियो । कार्यक्रममा सहभागी ११ वटा झाँकीलाइ सम्मान गरिएको थियो ।

***२१ खर्ब.........***विनियोजन गरिएको छ। कृषि, रक्षा, पर्यटन, उद्योग, परराष्टू, सूचना तथा सञ्चार, विज्ञान(प्रविधि, युवा तथा कानुन मन्त्रालयसम्मका लागि छुट्टाछुट्टै बजेट सीमा तोकिएको छ, जसमा सबैभन्दा कम बजेट कानुन मन्त्रालयलाई ५८ करोड ३९ लाख रूपैयाँ परेको छ।

सरकारले यस बजेटमार्फत उत्पादन वृद्धि, रोजगारी सिर्जना, सामाजिक न्याय र पूर्वाधार विकासलाई मुख्य प्राथमिकता दिएको छ। साथै राष्ट्रिय दललाई प्राप्त मतका आधारमा सरकारी अनुदान दिने विषयमा राजनीतिक बहस अघि बढाउने, चुरोट(मदिरामा अन्तःशुल्क वृद्धि गर्ने, विद्युत् खपतमा १३ प्रतिशत भ्याट लागू गर्ने र ईभी सवारी साधनको भन्सार मूल्यका आधारमा निर्धारण गर्ने व्यवस्था गरिएको छ। नेप्से पुनर्संरचना गर्दै नयाँ वित्तीय उपकरणहरु सुरू गर्ने, भूमिहीन तथा सुकुम्बासी समस्या एक वर्षभित्र समाधान गर्ने, ३५ नगरपालिकाबाट एकीकृत जग्गा प्रशासन सेवा सुरू गर्ने, सूचना प्रविधि क्षेत्रलाई कर छुटसहित प्रोत्साहन गर्ने तथा चलचित्र उद्योगलाई १० वर्षसम्म कर छुट दिने लगायतका व्यवस्था पनि बजेटमा समेटिएका छन्। सरकारले यी नीतिहरूबाट अर्थतन्त्र आधुनिकीकरण, लगानी विस्तार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छ।

**आर्थिक बृद्धिदर ७ प्रतिशत पुग्ने**

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि आर्थिक वृद्धिदर ७ प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ । आगामी आर्थिक वर्षको बजेट घोषणामार्फत अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वृद्धिदरको लक्ष्य ७ प्रतिशत रहने अनुमान गरिएको बताए । चालु आर्थिक वर्ष २०८२/८३ मा भने आर्थिक वृद्धिदर ३.८५ प्रतिशत हुने तथ्यांक कार्यालयले जनाएको छ । त्यस्तै आगामी आर्थिक वर्षमा मूल्यवृद्धिदर ६ प्रतिशतमुनि कायम गर्ने उनले घोषणा गरे ।

**कर्मचारीको तलब २१ प्रतिशत बृद्धि**

श्रम तथा रोजगार क्षेत्रमा ३ अर्ब ६३ करोड रूपैयाँ बजेट विनियोजन

सरकारले सरकारी कर्मचारीको पारिश्रमिक तथा सुविधा पुनरवलोकन गर्दै शुरु स्केलमा

१० प्रतिशत वृद्धि गर्ने घोषणा गरेको छ ।

संघीय संसद्अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा आर्थिक वर्ष

## बजेट २०८३/८४ का नारा

- "नागरिकसँग गरिएको करारको कार्य प्रारम्भ"
- "सक्नेले छोडौं, नसक्नेले जोडौं"
- "धुलो र खाल्डोमुक्त काठमाडौं"
- "नेपाललाई टेक हब बनाउने"
- "भिजन-२०४० (काठमाडौं उपत्यका विकास)"
- "किसान केन्द्रित प्रणाली"
- "एआई फ्याक्ट्री स्थापना"
- "कृषि पुनरूत्थान अभियान"
- "स्वच्छ र आधुनिक सार्वजनिक सेवा"
- "नवप्रवर्तनमैत्री अर्थतन्त्र"

***बजेटका आकर्षण....***एथ्नो म्युजिक) लाई पनि प्रवर्धन र विकास गरिने अर्थमन्त्रीले बजेट भाषणमा उल्लेख गरेका छन् ।

- सामाजिक सुरक्षा भत्ता : सरकारले सुरक्षा प्रणालीलाई थप न्यायोचित र लक्षित वर्गमा जोड्नको लागि 'सक्नेले छोडौं, नसक्नेलाई जोडौं' अभियान सञ्चालन गर्ने भएको छ ।

**को कसलाई कति बजेट**

- प्रदेशलाई ६१ अर्ब, स्थानीय तहलाई ९० अर्ब वित्तीय समानीकरण अनुदान
- नयाँ सिनेमा हल खोल्नेलाई १० वर्ष कर छुट
- सैनिक जवानहरूको आवास स्तरोन्नति गर्न २ अर्ब बजेट
- तीन देशका नेपाली दूतावास खारेज
- ईभीको भन्सार महसुल मूल्यगत आधारमा लगाउने घोषणा
- अब कर्मचारीको तलब न्यूनतम ४० हजारदेखि १ लाख रूपैयाँभन्दा माथि
- तीन तहका सरकारबिचको अधिकारको दोहोरोपना हटाउन कार्य विस्तृतीकरणमा पुनरावलोकन गर्ने
- दुई बजेटबाट घोषणा गरिएको कर्मचारीको भत्ता कायमै राखिने
- शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा चार विधामा अध्यापन सुरू गरिने
- बजेटको आकार २१ खर्ब २४ अर्ब ३४ करोड
- बजेटमा पर्यटनको राजधानी उपेक्षित
- दैलेखमा पेट्रोलियम पदार्थ उत्खननका लागि आवश्यक प्रक्रिया अघि बढाउने
- तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्न पहल गरिने
- खानीसम्बन्धी लाइसेन्सको पुनरावलोकन गरिने

**कर्मचारीको तलब बढ्यो**

- श्रम मन्त्रालयले पायो ३ अर्ब ६३ करोड बजेट
- नयाँ खुलेको मन्त्रालयले पायो साढे ४ अर्ब बजेट
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति गर्न १ अर्ब ५३ करोड विनियोजन
- रेमिट्यान्स पठाउनेलाई अब चिट्ठा खोलिने
- बृहत् लुम्बिनी विकास कार्यक्रमका लागि ८३ करोड रूपैयाँ
- संस्कृति तथा पर्यटन क्षेत्रका लागि ७ अर्ब ३४ करोड बजेट, नागरिक उड्ययन क्षेत्रले कति पायो ?
- बालुसधार गृहको पूर्वाधार विकास गर्न ३१ करोड विनियोजन
- गीता चौधरीको मन्त्रालयले पायो ६१

२०८३/०८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले कर्मचारीको तलब तथा सुविधा पुनरावलोकन गरिएको जानकारी दिए ।

बजेट वक्तव्यअनुसार कर्मचारीलाई मासिक १० प्रतिशत प्रोत्साहन भत्ता प्रदान गरिनेछ । यस व्यवस्थापछि कर्मचारीले खाइपाइ आएको खुद आम्दानीमा २१ प्रतिशतसम्म वृद्धि हुने सरकारको अपेक्षा छ ।

सरकारले कर्मचारीको न्यूनतम् मासिक तलब ४० हजार रूपैयाँ र अधिकतम एक लाख रूपैयाँसम्म पुर्‍याउने व्यवस्था गरेको पनि बजेटमार्फत घोषणा गरेको छ । यो तलबमान आउँदो साउन १ गतेदेखि लागू हुनेछ ।

**१० लाखसम्मको कर छुट, ३६० वस्तुको अन्तशुल्क छुट**

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले कर तथा भन्सार प्रणालीमा व्यापक सुधार घोषणा गरेका छन् । बजेटमार्फत व्यक्तिका लागि आयकर छुट सीमा दोब्बर बढाएर १० लाख रूपैयाँ पुर्‍याइएको छ भने व्यक्तिगत आयकरको अधिकतम दर १० प्रतिशत विन्दुले घटाइएको छ । साथै २७३ प्रकारका औद्योगिक कच्चा पदार्थमा भन्सार दर घटाइएको, ११ तहको भन्सार प्रणालीलाई ७ तहमा सीमित गरिएको र ३६० वस्तुमा लाग्दै आएको

अन्तःशुल्क खारेज गरिएको उनले बताए । सरकारले यी कदमबाट उद्यम व्यवसायलाई राहत, मध्यम वर्गको विस्तार, लगानी प्रवर्द्धन तथा समग्र अर्थतन्त्रलाई गतिशील बनाउने लक्ष्य राखेको जनाएको छ ।

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं ।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं ।

हिमाल हाम्रो पहिचान र गौरवको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, प्रबन्धकः सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादकः खगेन्द्र कार्की, ले-आउटः सुरेन बस्नेत, सल्लाहकार : पंकज दाहाल
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, मुद्रणः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com